म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३३७ शुक्रबार ३१ असार २०७९ ने. सं. ११४२ दिल्लागा 15 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लालझाडीमा बुद्ध पार्क

हेटौंडा, ३० असार/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ लालझाडीस्थित बाराही विद्यालयको पश्चिममा रहेको सामुदायिक वनको खुला क्षेत्रमा बुद्धपार्क बनाइने भएको छ ।

सो क्षेत्रमा लामो समयदेखि खुला रहेको क्षेत्रमा धार्मिक पर्यटनको दृष्टिकोणले विकास गर्नको लागि पार्क विकास गर्न लागिएको हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए । उनले अब खुला रहेको क्षेत्रलाई पार्कको रुपमा विकास गर्न वडा कार्यालय गम्भीर भएर लागेको बताए ।

पार्क निर्माण प्रारम्भिक समितिका अध्यक्ष बुद्ध पाखिनले मृतकको दाहसंस्कार गर्ने चिहानको रुपमा रहेको सो क्षेत्रलाई अब धार्मिक पर्यटकीय पार्कको रुपमा विकास गर्न खोजिएको बताए । उनले सबैको सहयोग रहे दुई वर्षभित्र उक्त क्षेत्रमा रमणीय पार्कको रुपमा विकास गरिने बताए ।

कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी विक, नेपाली काँग्रेस १ नं. इकाइ सभापति हरिकृष्ण महर्जन, लालझाडी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामप्रसाद तिमल्सिनालगायत सहभागी थिए ।

# प्रदेश सरकारको टुक्रे योजनाले पाएन पूर्णता

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ कार्यकर्ता पोस्नेगरि बागमती प्रदेश सरकारले आर्थिक वर्षको अन्तिमतिर ल्याएको अधिकांश टुक्रे योजनाले पूर्णता पाउन सकेको छैन ।




सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा नपरेको टुक्रे योजनाहरु आर्थिक वर्षको अन्तिमतिर ल्याएको थियो । कार्यकर्ता पोस्नेगरि प्रदेश सरकारले आर्थिक वर्षको अन्तिमतिर ल्याएको २३ सय टुक्रे योजनाको विकास निर्माणतर्फको अधिकांश योजनाले पूर्णता पाउन नसकेको हो ।

सरकारले पूर्वाधार विकास कार्यालय ललितपुरमार्फत कार्यान्वयन गर्न एकसय ३० वटा योजना पठाएकोमा ७० वटा मात्रै सम्झौता भएको कार्यालयका सूचना अधिकारी चिरञ्जिवी लामिछानेले जानकारी दिए । उनले स्थानीय तहको निर्वाचनअघि सरकारले सबै योजनाको लागि ५ लाख रुपैयाँ बजेट पठाएको भएपनि चुनावपछि बजेट थप गरेर पठाएको बताए ।

'चुनाव अगाडि सबै योजनालाई सरकारले ५/५ लाख रुपैयाँ विनियोजन गरेर पठाएको थियो । चुनावपछि त्यहि योजनालाई सरकारले बजेट थप गरेर पठायो । चुनावपछि त्यहि योजनाहरु ५ लाख रुपैयाँदेखी ३० लाखसम्मको भयो', उनले भने । लामिछानेले स्थानीय नागरिकहरु आफैले छानेर माग गरेको योजना उनीहरुलाई कार्यान्वयन गर्न सरकारले पठाएको हुँदा आफूहरुले धेरै भागदौड गर्न नपरेको सुनाए । 'योजना कार्यान्वयन गर्न उनीहरु आफै कुदेको भएपनि सबै कार्यान्वयन हुन भने सकेन । कतिले निर्माण सामाग्रीमा भएको महंगीको बहाना बनाएर पनि काम रोके । आर्थिक वर्षको अन्तिमतिर सरकारले योजना पठाउदा कार्यान्वयन गर्न सकिएन', लामिछानेले थपे ।

पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकलाई प्रदेश सरकारले ५ लाखदेखी ३३ लाखसम्मको ६२ वटा योजना कार्यान्वयनको लागि पठाएको थियो । कार्यालयका प्रमुख राजु श्रेष्ठले सरकारले फागुनको अन्तिम सातातिर बाटो मर्मत तथा कल्पट निर्माणजस्ता साना योजनाहरु पठाएको थियो । उनले स्थानीय तहले सिफारिस गरेर पठाएको उपभोक्ता समितिलाई योजना कार्यान्वयन गर्न सम्झौता गरेको भएपनि सबै योजना कार्यान्वयन गर्न सफल नभएको सुनाए । श्रेष्ठले समय अभावको कारण उपभोक्ता समितिहरुले राती पनि काम गर्दा गुणस्तरियता पनि राम्रो नभएको हुन सक्ने समेत बताए । उपभोक्ता समिति बनाउदा र योजना बाडफाँड गर्दा निकै विवाद आएको भन्दै उनले सरकारले ढिलोगरि योजना पठाउदा कार्यान्वयनमा समस्या भएको गुनासो गरे ।

सरकारले ल्याएको २३ सय योजनामध्ये पुर्वाधार विकास कार्यालय सिन्धुलीलाई एकसय ८७ वटा योजना पुगेको थियो । फागुनको अन्तिमतिर पुगेको योजनामध्ये कार्यालयले आधा काम पनि पुरा गर्न नसकेको कार्यालय प्रमुख देवनारायण प्रसाद यादवले बताए । 'योजनाहरु आउनलाई नै ढिला भयो ।

एकसय ८७ वटा योजना आएको मध्ये एकसय ५० वटा मात्रै योजनाहरु कार्यान्वयनको लागि सम्झौता भएको थियो । रातभरि काम गर्दा पनि सबै योजना कार्यान्वयन हुन सकेनन्', उनले भने । उनको अनुसार पूर्वाधार विकास कार्यालय सिन्धुलीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपभोक्ता समितिमार्फत कार्यान्वयन हुनेगरि २३ करोड ९३ लाख रुपैयाँको टुक्रे योजना पठाएको थियो । सरकारको वार्षिक नीति तथा कार्यक्रममा नरहेको आर्थिक वर्षको अन्तिममा नयाँ योजनाहरु आउदा कार्यान्वयन गर्न कठिनाई भएको यादवको भनाई छ । 'उपभोक्ता समितिहरु गठन गर्नै पनि विवाद सिर्जना भयो । एउटै योजनाको लागि उपभोक्ता समितिहरु दोहोरो समिति बनाएर आउने, सिमांकनको विवादले गर्दा र बर्षाले गर्दा काम गर्न कठिनाई भयो', उनले थपे । पूर्वाधार विकास कार्यालय धादिङ मुख्यमन्त्री कार्यालयले एकसय ६६ वटा टुक्रे योजना पठाएको थियो ।

मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेको गृहजिल्ला समेत रहेको धादिङमा सरकारले २५ करोड ७० लाख रुपैयाँ बराबरको टुक्रे योजना पठाएकोमा करिव ६० वटा मात्रै कार्यान्वयन भएका छन् भने एकसय योजना अधुरो नै रहेको छ । कार्यालयका प्रमुख मदन आलेले सरकारले ढिला योजना पठाउदा कार्यान्वयनमा समस्या भएको बताए ।

उनले सरकारले पठाएको योजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने व्यवस्था रहेको भन्दै उपभोक्ता समितिहरु स्थानीय तहको निर्वाचनपछि मात्रै सम्झौता गर्न आएको बताए । 'सरकारले स्थानीय तहको चुनावभन्दा अलि अगाडि योजनाहरु पठायो । तर, कार्यकर्ताहरु स्थानीय तहको चुनावपछि अर्थात वैशाखपछि मात्रै उपभोक्ता समिति गठन गरेर आए । त्यसैले सबै योजना कार्यान्वयन गर्न सक्ने अवस्था भएन', उनले भने । पूवार्धार विकास कार्यालय चितवनले पनि प्रदेश सरकारले दिएको टुक्रे योजनाहरु शतप्रतिशत कार्यान्वयन हुन नसकेको बताएको छ ।

कार्यालयले सरकारले मर्मत सम्भारको २० वटा, शहरी तथा स्थानीय सडकको ५२ वटा, मर्मत सम्भारको ११ वटा योजना दिएको थियो । कार्यालय प्रमुख विजयमुनी बज्राचार्यले प्रदेश सरकारले आर्थिक वर्षको अन्तिम महिना असारको ११ गतेसम्म पनि कार्यालयलाई नयाँ योजना पठाएको बताए ।

अल्पमतमा परेर कात्तिक १० गते एमाले सरकारबाट बाहिरिएपछि गठबन्धनबाट नेतृत्व गर्दै कात्तिक ११ गते मुख्यमन्त्री राजेन्द्र पाण्डेले सत्तारोहण गरेका थिए । सरकारको नेतृत्व गरेको केही महिनामा नै मुख्यमन्त्री पाण्डेले चालू आर्थिक वर्ष ०७८/७९ को नीति तथा कार्यक्रममा समावेश नभएका २३ सय टुक्रे योजना ल्याएका थिए ।

हावादारी ढंगले उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने भन्दै सरकारले कार्यकर्ता पोस्नेगरि ल्याएको योजना पुरा गर्न रातदिन काम गर्दा पनि सबै सम्पन्न गर्न नसकिएको सरोकारवालाहरुले बताएका छन् । मुख्यमन्त्री पाण्डे अध्यक्ष रहेको प्रदेश पूर्वाधार विशेष कार्यक्रम कार्यान्वयन कार्यविधिअन्तर्गतको समितिले २३ सय टुक्रे योजना सरकारलाई सिफारिस गरेको गरेको थियो ।

समितिले सिफारिस गरेका २३ सय वटा टुक्रे योजना फागुन ५ गते बसेको मन्त्रिपरिषद् बैठकले पारित गरेको थियो । मुख्यमन्त्री पाण्डे अध्यक्षताको समितिमा आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्कट्टेल र भौतिक पूर्वाधार विकासमन्त्री कृष्णलाल भँडेल सदस्य रहेका छन् ।

मन्त्रिपरिषदबाट पारित भएका योजना कार्यान्वयनका लागि मुख्यमन्त्री कार्यालयले बजेट माग गरेपछि ३ अर्ब १५ करोड ३५ लाख रूपैयाँ निकासा गरेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

## डाइनामो फिटनेस खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ हेटौंडा उपमहानगरपालिका-४ हुप्रचौर नजिक शारिरीक व्यायामका लागि डाइनामो फिटनेस सञ्चालनमा आएको छ ।

हेटौंडाका उपप्रमुख राजेश बानियाँले बिहीबारका कार्यक्रमबीच डाइनामो फिटनेसको उद्घाटन गरेका छन् । बानियाँले खेल क्षेत्रसँगै फिटनेसका क्षेत्रहरुमा पनि उपमहानगरले साथ सहयोग गर्ने बताए ।

शारिरीक स्वास्थ रहन फिटनेस मानव स्वास्थ्यका लागि अत्यावश्यक रहेको उनको भनाइ छ । कार्यक्रममा हेटौंडा उमहानगर वडा नम्बर १५ का अध्यक्ष सुनिल मोक्तान, फिटनेस खेलाडी सुजन श्रेष्ठ, दीपेन्द्रचन्द्र ठकुरीलगायतको उपस्थिति थियो । युवाहरुलाई लक्षित गर्दै शारिरीक व्यायामका साथै डान्सहरुको कक्षा समेत संचालन हुने संचालक विवेक दाहालले बताए ।

## प्रजिअ पाण्डेको उद्योग संघद्वारा स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ मकवानपुरमा भर्खरै सुरुवा भएर आएका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेलाई उद्योग संघ मकवानपुरले स्वागत गरेको छ ।

संघले बिहीवार औद्योगिक क्षेत्रस्थित कार्यालयमा एक कार्यक्रमका बीच प्रजिअ पाण्डे र भर्खरै हेटौंडा औद्योगिक क्षेत्रको व्यवस्थापक भएर आएका भोजराज विनाडीलाई स्वागत गरेको हो । प्रजिअ पाण्डे र क्षेत्र व्यवस्थापकलाई उद्योगीहरुको समस्या र सहकार्यका बारेमा संघले अवगत गराएको थियो । स्वागतपछि बोल्दै प्रजिअ पाण्डेले औद्योगिक क्षेत्रलाई सुरक्षित र व्यवस्थित बनाउन आफ्नोतर्फबाट भरपुर सहयोग रहने बताए । औद्योगिक क्षेत्रको शान्ति सुरक्षामा कुनै कमि नहुन नदिने पाण्डेले बताएका छन् ।

स्वागत कार्यक्रम संघका अध्यक्ष स्वागतराज प्याकुरेलको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा संघका पूर्व अध्यक्ष नवराज अर्याल, ऋषिराम घिमिरे, माधव अधिकारी, निवर्तमान अध्यक्ष लेखराज पोखरेल, संघका बुद्ध अर्याललगायतका पदाधिकारी, कार्यसमिति सदस्य तथा उद्योगीको सहभागिता रहेको थियो ।

# तीन मन्त्रीले गरे परेवाभीरको अवलोकन, कालोपत्रे गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ एउटा भिमकाय चट्टानका कारण दुई गाउँपालिका जोड्ने सडक निर्माण हुन नसक्दा स्थानीयले भोग्दै आएको पीडा केही वर्षभित्र हट्ने आश्वासन दिइएको छ ।



बागमती प्रदेशका तीन जना मन्त्रीले बिहीवार राक्सिराङ गाउँपालिकाको ४ र ५ नम्बर वडा जोड्ने परेवाभिरको स्थलगत निरीक्षण गरेका थिए ।

बागमतीका आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेल, भौतिक पूर्वाधार विकास मन्त्री कृष्णलाल भँडेल र वन तथा वातावरण मन्त्री बिशाल खड्का परेवाभीरको छेवैमा पुगेर सडक खण्डको अवलोकन गरेका हुन् । परेवाभीर त्यही हो, जहाँ वर्षेनी स्थानीय खोलामा आएको बाढीसँग बगेर ज्याउन गुमाउने गर्छन । परेवाभीरमा सडक सञ्जाल निर्माण त टाढाको कुरा, पैदल हिँड्ने गोरेटोसमेत बन्न सकेको छैन ।

ठूलो चट्टानको परेवाभीर ठाडोपनि रहेकाले सडक र पैदल यात्राको सडक गोरेटो बन्न नसकेको हो । परेवाभीर हुँदै कैलाश गाउँपालिका पुगिन्छ । वर्षामा मनहरी खोलामा बाढी आएसँगै स्थानीयले बाढीमै पसेर ओहोरदोहोर गर्नुपर्ने बाध्यता छ ।

पश्चिम मकवानपुरको मनहरी बजारबाट धादिङको आदमघाट जोड्ने छोटो दूरीको सडक परेवाभीर हुँदै डिजाइन गरिएको छ । उक्त सडकको पूरा ट्र्याकसमेत खुलेको छैन् । आगामी आर्थिक वर्ष २०७९/०८० मा बागमती सरकारले ३४ करोड रुपैयाँ बिनियोजन गरी बाटो निर्माणलाई तीव्रता दिन लागेको छ । उक्त सडक खण्ड निर्माण हुँदा परेवाभीर हुँदै पक्की सडक बन्ने निश्चित छ ।

बिहीवार मन्त्रीहरुले परेवाभीर खण्डमा पुगेर प्रदेश सांसद, स्थानीय जनप्रतिनिधिसँग छलफल गरेका थिए । प्रदेश सांसद ओमबहादुर ग्लान, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष बनस्तम थिङ, राक्सिराङ गाउँपालिका-४ का वडा अध्यक्ष सञ्जय कोइराला, कैलाश गाउँपालिकाका निवर्तमान अध्यक्ष टंकबहादुर मुक्तान, नेकपा माओवादी केन्द्र राक्सिराङ गाउँपालिका कमिटी अध्यक्ष हस्तबहादुर मुक्तानलगायतले मन्त्रीहरुलाई परेवाभीर तत्काल निर्माण हुनुपर्ने बताउँदै स्थानीयले दैनिक भोग्दै आएको दु:ख बारे जानकारी गराएका थिए ।

मनहरीदेखि आदमघाट बाटोको लागि आगामी आर्थिक वर्षमा ३४ करोड बजेट छुट्याइएको आर्थिक मामिला तथा योजना मन्त्री जम्मकट्टेलले जानकारी दिए ।

आगामी आवदेखि उक्त सडक खण्ड निर्माण हुने उनले विश्वास दिलाए । भौतिक पूर्वाधार विकास मन्त्री भँडेलले निरन्तर ३ बर्षमा कालोपत्रे हुने गरी सडक निर्माण हुने बताए ।

यसअघि बागमती सरकारलाई मनहरी-आदमघाट सडक निर्माणका लागि गरेको पहल निरर्थक भएको थियो । तत्कालीन नेकपा सरकारले यस सडक खण्डलाई प्राथमिकताका साथ बजेट बिनियोजन नगरेको स्थानीय जनप्रतिनिधिहरु गुनासो गर्छन । धादिङको गल्छी, आदमघाट र मलेखुमध्ये कुन बिन्दुमा बाटो निकाल्ने भन्ने कुरामा राजनीतिक लडाइँजस्तो देखिएकाले पनि बिगतमा यो बाटोबारे स्पष्ट धारणा बनाउन नसकिएको मन्त्री जम्मकट्टेलले बताए । परेवाभीरको भीर भत्काएरसडक निर्माण नगरिने उनको भनाई छ ।

मनहरी-आदमघाट ६५ किलोमिटर सडक खण्ड निर्माण गर्ने जिम्मा अब प्रदेश सरकारको रहेको जम्मकट्टेले बताए ।

राक्सिराङ अध्यक्ष मल्लले हालसम्म भएका पहल, प्रगति, राजनीतिक खिचातानीबारे समेत मन्त्रीहरुलाई जानकारी गराएका थिए । मनहरी-आदमघाट सडक खण्डको ६५ किलोमिटरमध्ये परेवाभीर खण्डमा ६ सय मिटर बाटो जोखिम छ ।

परेवाभीरमा पर्खाल उठाएर सडक निर्माणको कार्य राक्सिराङ गाउँपालिकाको २ करोड र संघीय सरकारको तर्फबाट २ करोड समेत लगानी गरी निर्माणाधीन अबस्थामा छ । गतबर्षको बाढीले परेवाभीर खण्डमा क्षति पुऱ्याएपछि यसपटक निर्माण कम्पनीले ठूला-ठूला ढुंगा थुपारेर पानी रोक्ने प्रयत्न गरेको छ । परेवाभीरको विपरिततर्फ रहेको बगर र केही अग्लो भूभागलाई काटेर पानी बग्न सजिलो बनाइएको छ ।

# धुलो दूधको कारखाना उत्पादनको तयारीमा

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ बागमती प्रदेश सरकारले गौरबको आयोजनाको रुपमा लिएको धुलो दूधको कारखानाले अब उत्पादन दिने तयारीमा पुगेको छ ।



हेटौंडा उपमहानगर पालिका-१० सिसौघारीको दुई बिघा जमिनमा सरकारले ४१ करोड २२ लाख ७१ हजारको लगानीमा निर्माण गरेको सो कारखानामा पाउडर प्लाण्टको उपकरण जडान गर्ने काम अन्तिम चरणमा पुगिसकेको प्रादेशिक कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ ।

दुग्ध उत्पादक किसानले उत्पादन गरेको दूध खेर जान नदिन प्रदेश सरकारले एक वर्षभित्र हेटौंडामा दुग्ध पाउडर प्लान्ट निर्माणका लागि आर्थिक वर्ष २०७७/७८ मा काठमाडौं इजी इन्फा प्रालिसँग सम्झौता गरेको थियो । निर्माणको जिम्मा पाएको कम्पनीले कोरोना महामारीको असरले समयसिमाभित्र निर्माण सम्पन्न गर्न नसकिएको जनाउँदै तीन महिना म्याद थपेर काम गरेको कम्पनीका प्रमुख उत्तम पौडेलले जानकारी दिए । उनले अबको दुई महिनामा प्लान्ट पूर्णरुपमा निर्माण सम्पन्न भई सरकारलाई हस्तान्तरण गरिनेसमेत जनाए ।

उक्त प्लान्टमा बागमती प्रदेशसँगै अन्य चार प्रदेशका किसानले उत्पादन गरेको दूध ल्याएर पाउडर बनाउनका लागि सहज गरिने बताइएको छ । प्रदेश १, मधेस प्रदेश र गण्डकी प्रदेशका केही जिल्लासहित बागमती प्रदेशका किसानले उत्पादन गरेको दूध खपत गरी पाउडर बनाउने मन्त्रालयको योजना छ । पाउडर प्लान्ट सञ्चालनका लागि प्रदेश १ को सुनसरी, धरान, झापा, मधेस प्रदेशको महोत्तरी, सर्लाही, रौतहट, पर्सा, बारा तथा गण्डकी प्रदेशको नवलपरासी, तनहुँलगायत जिल्लाबाट दूध आयात गरिने जनाइएको छ ।

उक्त प्लान्ट सञ्चालन पश्चात् चार प्रदेशका करिब २२ हजार किसान लाभान्वित हुने मन्त्रालयको अनुमान छ भने किसानबाट दैनिक ६० हजार लिटर दूध खरिद गरिने जनाइएको छ । किसानले उत्पादन गरेको दूधबाट दैनिक पाँच मेट्रिक टन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्यसहित मन्त्रालयले काम गरिरहेको छ । प्लान्टबाट उत्पादित पाउडर दूध सातवटै प्रदेशका स्थानीय बजार, होटल र सर्वसाधारण उपभोक्तालाई सहज ढंगबाट बिक्री वितरण गरिने मन्त्रालयले जनाएको छ । -(रासस)

## प्रथम क्याम्पस प्रमुख श्रेष्ठको प्रतिमा अनावरण



साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ मकवानपुरकै सबैभन्दा अग्रणी शैक्षिक संस्था मकवानपुर बहुमुखी क्याम्पसका संस्थापक प्रमुख स्वर्गीय मुकुन्द दास श्रेष्ठको अर्धकदको प्रतिमा अनावरण भएको छ ।

क्याम्पस परिसरमा बिहीवार आयोजित एक कार्यक्रमबीच बागमती प्रदेश सरकारका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, क्याम्पस अध्यक्ष अनन्त प्रसाद पौडेलले श्रेष्ठको शालिक अनावरण गरेका थिए । श्रेष्ठको प्रतिमा मकवानपुर क्याम्पस एल्मुनाई एसोसिएसनको अगुवाईमा निर्माण भएको हो । २०३७ सालमा त्रिभुवन विश्व विद्यालयबाट स्वीकृति पाएको मकवानपुर बहुमुखी क्याम्पसले २०३८ सालदेखि पठनपाठन सुरु गरेको हो । स्थापनाकालदेखि २०४५ माघ १० गतेसम्म श्रेष्ठ मकवानपुर बहुमुखी क्याम्पसको प्रमुख भएर काम गरेका थिए । संस्थापक समयमा उल्लेखनीय योगदान गरेका श्रेष्ठको सम्मानमा प्रतिमा निर्माण गरिएको मकवानपुर क्याम्पस एल्मुनाईका अध्यक्ष केशवलाल श्रेष्ठले बताए । करिब साढे सात रुपैयाँ लागत रहेको प्रतिमा मकवानपुरका मूर्तिकार लक्ष्मण भुजेलले बनाएका हुन् ।

श्रेष्ठको प्रतिमा बनाउन हेटौंडा उपमहानगरपालिकाले ४ लाख, क्याम्पसले ५५ हजार, एल्मुनाइका अध्यक्ष केशवलाल श्रेष्ठले ५४ हजार, क्याम्पसका प्राध्यापकहरुले ३५ हजार रुपैयाँ सहयोग गरेका थिए । अन्य क्षेत्रबाट पनि प्रतिमा बनाउन सहयोग जुटेको श्रेष्ठले जानकारी दिए ।

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रकोपको पूर्वतयारी आवश्यक

यसवर्ष मनसुन सुरु भइसकेको छ । नेपालमा जुन १० तारिखदेखि मनसुन सुरु हुने गर्दछ । बंगालको खाडीबाट उठ्ने मनसुनी वायुले नेपालमा गृष्मकालीन वर्षा गराउँदछ । गृष्मकालीन मनसुन नेपालको पूर्वी क्षेत्रबाट पश्चिमतिर सर्दै जाँदा पर्याप्त वर्षा हुने गर्दछ । वर्षायाम सुरु भइसकेको र मनसुन सक्रिय भएको हुँदा दिनदिनै पानी पर्ने क्रम बढिरहेको छ । वर्षेनि असार–साउन महिनालाई नेपालमा मध्य मनसुन वा वर्षात् मानिन्छ । नेपाल पहाडी मुलुक भएको हुँदा यहाँ वर्षासँगै विपद् सुरु हुन्छ । वर्षासँगै मुलुकभर बाढी, पहिरो तथा डुबानको प्रकोप सृजना हुने गर्दछ । यसले जनमानसमा ठूलो विपद् ल्याउँदै जनधनको क्षति गराउँदछ । वर्षेनि देशको कुनै न कुनै भागमा बाढी, पहिरोले ठूलो हानि नोक्सानी पुऱ्याउने गरेको विगतका वर्षहरुका घटनाले पुष्टि गर्दछ । वर्षासँगै आउने विपद् र यसबाट बच्ने उपाय समयमै प्रभावकारीरुपमा अपनाउन नसक्दा हुने जनधनको व्यापक क्षतिलाई टार्न सकिएको पाइँदैन ।

मनसुनसँगै आउने वर्षाले किसानहरुमा उत्साह सिर्जना गर्छ भने गर्मीले आक्रान्त भएकालाई शितलता पनि प्रदान गर्दछ । चर्को गर्मीको बेला पर्ने पानीले राहत दिने भए पनि ठूलो पानी पर्दा आउने बाढी, पहिरो र डुबानका कारण व्यापक क्षति पनि पुऱ्याइरहेको हुन्छ । नेपालमा हरेक वर्षको वर्षात्मा बाढी पहिरोले गर्दा ठूलो जनधनको क्षति हुन्छ, जसले राहतभन्दा बढि आहत दिने गर्दछ । तराईका जिल्लामा बाढी र डुबानको जोखिम हुन्छ भने पहाडी जिल्लामा पहिरोको खतरा बढि हुन्छ । भूकम्प, जथाभावी जमिन उत्खनन, अव्यवस्थित विकास निर्माणका कार्यले पहाडी क्षेत्रको जमिनको संरचना कमजोर बन्दै गएको छ । मनसुनको समयमा  वर्षा कम भएमा बाढी पहिरोको प्रकोप कम हुने गरेको भए पनि लगातारको वर्षा हुँदा त्यसले निम्त्याउने प्रकोपबाट कुनै न कुनै भूभागमा क्षति हुने गरेको छ । भू-बनोटको हिसाबले नेपाल मौसमी क्षेत्र हो । त्यसमा अझ पछिल्लो समयमा देखिएको जलवायु परिवर्तनका कारण वर्षात् अनपेक्षित हुने क्रम बढ्दै गएको छ । अतिबृष्टि र अनाबृष्टिको खतरा उत्तिकै बढिरहेको छ । यो अवस्थामा वर्षाबाट हुने जनधनको क्षति न्यूनीकरणका लागि जतिसक्यो धेरै सचेतना र विपत् व्यवस्थापनमा ध्यान दिनु आवश्यक हुन्छ ।

नेपाल  दक्षिणपूर्वी एसियाका देशमध्ये प्राकृतिक प्रकोपको हिसाबले ज्यादै जोखिममा रहेको देश मानिन्छ । प्राकृतिक प्रकोपको हिसाबले नेपाल बढि नै मानवीय तथा प्राकृतिक क्षति हुने देशको सूचीमा परेको छ । अधिकांश प्राकृतिक प्रकोप मानिसको नियन्त्रणभन्दा बाहिर भए पनि त्यसबाट हुने जोखिमको मात्रा भने मानवीय सचेतनामा भर पर्छ । सम्भावित प्रकोपबाट बढि खतराका क्षेत्रहरुको पहिचान र प्रकोपको पूर्व जानकारीबारे आम मानिसमा चेतना जागृत गराई सतर्क हुन सकेमा प्रकोपबाट हुने धनजनको क्षति कम गर्न सकिन्छ । यसका लागि संघ, प्रदेश तथा स्थानीय सरकारले प्रकोप व्यवस्थापनका लागि प्रभावकारी पूर्वतयारी गर्दै प्रकोपपछिको राहत, उद्दार र पूनर्निर्माणका लागि ठोस कार्ययोजना बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार ३२ गते शनिबार १६ जुलाई २०२२ । श्रावण कृष्णपक्ष तृतीया । दिल्लागा ११४२ । सूर्योदय: ५:१९, सूर्यास्त: ७:०० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | पढाइलेखाइमा सफलता मिल्नेछ | **तुला** | मन खिन्न हुन सक्नेछ |
| **वृष** | आफन्तले धोका दिन सक्नेछन् | **वृश्चिक** | काममा विलम्ब हुनेछ |
| **मिथुन** | कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | मनोकांक्षा सिद्धि हुनेछ |
| **कर्कट** | काममा रोकावट आउन सक्नेछ | **मकर** | नयाँ कार्ययोजना बन्नेछ |
| **सिंह** | शुभ समाचार सुन्न पाइनेछ | **कुम्भ** | आकस्मिक लाभ हुनेछ |
| **कन्या** | मान सम्मान पाउन सकिनेछ | **मीन** | राम्रो अवसर गुम्नेछ |

# पद, पावर, प्रतिष्ठा र पैसामा अल्झेको राजनीति



✍ राजेन्द्र किराँती

जनयुद्धको उत्कर्षको समयमा एकजना मावि तहमा अध्यापनरत शिक्षक मित्रको घरमा पुगेको थिएँ । उहाँ हाम्रो सहयोगी,समर्थक र शुभेच्छुक हुनुहुन्थ्यो । यसकारण ती मित्र र ममबीच दिल खोलेर धेरै विषय प्रसंगमा छलफल भए । आन्दोलनबारे निकै सनसनी कुरा गर्यौं । चुनौती, सम्भावना र सफलतासम्बन्धी विभिन्न कोणबाट बातचित भयो ।

सोही सिलसिलामा मैले शिक्षक मित्रलाई जागिर छाडेर जनयुद्धमा पूर्णकालीन भएर लाग्न अनुरोध गरेँ । उहाँले निसङ्कोच खुलेरै भन्नुभयो- 'तपाईंहरूको त्याग,बलिदान र साहसको म उच्च सम्मान गर्दछु । तर म पूर्णकालीन भएर त्यो तपस्या र सौर्यको भूमिका निभाउन अहिले सक्दिनँ ।' अन्य सहयोग, समर्थन र शुभेच्छा भने कायमै रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । ती शिक्षक मित्रसँग मेरो २०७४ सालको स्थानीय तह निर्वाचन प्रचार-प्रसारको सिलसिलामा पुन: भेट भयो । विगत, वर्तमान र भविष्यका समग्र विषयमा कुराकानी गरियो । पार्टी आन्दोलनको आरोह-अवरोह अनि जनयुद्ध र शान्ति प्रक्रियाको विषयमा छलफल भयो । यही क्रममा शिक्षक मित्रले पुरानो सन्दर्भ कोट्याउनुभयो । पार्टी आखिर शान्ति प्रक्रियामा जाने रहेछ । म पनि तपाईंले भनेको बेला पूर्णकालीन भएर लागेको भए खुला राजनीतिमा अवसरको ढोका खुल्नेरहेछन् । मैले आँट नगर्नु नै कमजोरी भयो भन्दै केही पश्चतापजन्य भाव व्यक्त गर्नुभयो ।

त्यसपछि मैले भने, 'महान सहिद बन्ने सबैभन्दा ठूलो शौभाग्य पनि पाउने सम्भावना र हन्थ्यो । यो चाहिँ तपाईंले विर्सिनुभयो ।' उहाँले तुरुन्तै जबाफ दिनुभयो, 'त्यो त हो नि । सहिद भएको भए आज परिवारहरूले दोसल्लासम्म पनि पाउन कठिन हुने रहेछ । त्यसैले त जे गरेँ,ठीकै गरेछु भन्ने लागेको छ ।' साँच्ची नै राजनीतिक कार्यदिशा कुनै पनि आन्दोलनको मेरुदण्ड हो । हिजोको आन्दोलनको उद्देश्य र सोही अनुरूपको त्याग, बलिदान, साहस र संघर्ष केन्द्रित कार्यदिशा र आजको जसरी पनि चुनाव जित्ने आन्दोलनको उद्देश्य र त्यसैमा आधारित औसत साम, दाम, दण्ड र भेदको कार्यदिशा आधारभूतरूपमै फरक रहेको छ । कार्यदिशा भिन्न भएपछि आन्दोलनको चरित्र र प्रक्रियाहरू पनि नितान्त भिन्न हुन्छ । यो साश्वत नियम हो । आज अधिकांश पार्टीहरू चुनावी आन्दोलनअन्तर्गत जसरी पनि चुनाव जित्ने कार्यदिशामा रहेका छन् । यस्तो कार्यदिशामा औसत वा सामान्य राजनीतिक व्यवहारले मात्र पुग्दैन । यसका लागि हदमाथिको टयाक्टफुलनेस, चलाखी, षड्यन्त्र, जालझेल र लपन-छपनको कार्यनीतिक राजनीतिक अस्त्रजन्य व्यवहारको माग गर्दछ । यस्तो वस्तुगत परिवेशमा सही र गलत, इमानदार र बेइमान, भ्रष्ट र विवेकशील अनि अपराधी र सज्जनबीचमा भेद देखिँदैन । यसमा जस्तोसुकै अस्त्र उपयोग गरेर भए पनि चुनाव जितेर पावरमा पुग्नुलाई सफलता मान्ने बनिबनाउ मनोविज्ञानले सिङ्गो समाजलाई नेतृत्व गरिरहेको हुन्छ । तब सबै त्यसैको आत्मरतिमा दौडिरहेको हुन्छ ।

पछिल्लो समय नेपाली राष्ट्रिय राजनीतिमा देश र समाज बदल्ने अनि समानता र न्याय स्थापित गर्नेभन्दा पनि आत्मकेन्द्रीत व्यक्तिवादी स्वार्थगत हर्कत उत्कर्षमा पुगेको छ । हिजो आन्दोलनमा लाग्नु भनेको अरूले भन्दा बढी त्याग, तपस्या, बलिदान र सेवा गर्ने भन्ने अर्थमा बुझ्ने गरिन्थ्यो । विगतमा आन्दोलन सफलताको स्वार्थ प्रधान हुन्थ्यो । आन्दोलनको आवश्यकता र आकस्मिकतामा नेतृत्व विकास गरिन्थ्यो । जिम्मेवारीहरू भूमिका र क्षमताको संयोजनमा निर्धारण गरिन्थ्यो । कमिटी ठूलो सानो पनि आन्दोलनको राप, ताप र चापको आधारमा आवश्यकताअनुसार विन्यास गरिन्थ्यो ।

तर आज राजनीतिमा यस्तो विचार, विधि, पद्धति र मूल्यमान्यताका कुरा दन्त्यकथा जस्तो भएका छन् । राजनीति भनेको पद, पावर, प्रतिष्ठा र पैसा आर्जनमा सीमित गरिएको छ । आफू स्वयं र आफू निकटलाई केन्द्रमा राखेर विधि र प्रक्रिया तय गर्न थालिएको छ । सिङ्गो राजनीतिक आन्दोलनको भाष्यलाई व्यक्तिगत खुद्रा स्वार्थमा अपव्याख्या गरिँदैछ ।

वस्तुत: हाम्रो समाज विभिन्न खाले स्वार्थगत आयामहरूबाट निर्देशित रहेको छ । यस्तो अर्थराजनीतिक उत्पादन सम्बन्ध भएको समाजमा सम्पूर्ण सत्ताहरू स्वार्थकै टेकोमा टिकेको हुन्छ । वर्ग समाजमा स्वार्थ अनिवार्य प्रक्रिया हो । यो दुई किसिमको हुन्छ । एकातिर राष्ट्रिय, सामूहिक, सामुदायिक, बहुसंख्यक नागरिक र आन्दोलनको हितमा गरिने स्वार्थ । अर्को विचार र राजनीतिक स्वार्थ । अर्कोतिर म, मेरो परिवार, आफन्त, नातागोता, चिनेजानेका साथीभाइ अनि दोहोरो स्वार्थ लेनादेनाको सिलसिलामा स्थापित अस्थायी सम्बन्धगत स्वार्थ पर्दछन् । अर्को शब्दमा पद, प्रतिष्ठा, पावर र पैसा प्राप्तिको नितान्त प्राविधिक स्वार्थ ।

सिद्धान्तगत र दलगत स्वार्थ एकाएक व्यक्तिगत स्वार्थमा सीमित भइरहेको छ । राष्ट्रिय र सामुदायिक स्वार्थभन्दा व्यक्तिगत र आफ्नो निहित स्वार्थ पराकष्ठमा पुगेको देखिन्छ अर्थात् प्रत्येक उठबस वा रणनीति आफू र आफ्नोलाई केन्द्रमा राखेर बनाउन थालिएको छ,जुन नितान्त गलत अभ्यास हो ।

मूलत: राजनीतिमा सबैको ध्यान केन्द्रीत भएको हुन्छ । कुन राजनीतिक पार्टी वा नेताले के गरिरहेको छ भनेर सूक्ष्म ढंगले नियालिरहेको हुन्छ । यसकारण यो क्षेत्रमा गरिने स्वार्थगत हर्कत चाँडो भाइरल हुने गर्दछ । तुरुन्तै समाजमा त्यसको सकारात्मक तथा नकारात्मक प्रभाव पर्नुको साथै आम धारणा बन्छन् । यो असाध्यै संवेदनशील विषय हो । पछिल्लो समग्र राजनीतिक हर्कत नियाल्दा जनतामा सिङ्गो राजनीति, राजनीतिक पार्टी, नेता र कार्यकताप्रति नकरात्मक धारणा विकास भइरहेको छ । यहाँसम्म कि सही र गलतलाई एउटै बास्केटमा कोचेर मूल्यांकन गर्न थालिएको छ । सबैतिर अँध्यारो देख्न थालिएको छ । यस्तो दरिद्र सोचाइले पनि हामीलाई वास्तविकताको नजिक पुऱ्याउँदैन । तथ्य पहिचान नगरी सही वा अपेक्षित गन्तव्यमा पुग्न सकिँदैन ।

भर्खरै घटेका केही शृंखलाबद्ध राजनीतिक घटनाक्रमलाई नियाल्दा पनि हाम्रो राजनीतिक संस्कृति सजिलै बुझ्न सकिन्छ । यसमा स्थानीय तह चुनावमा गठबन्धन र पार्टीगतभन्दा पनि व्यक्तिगत रूपमा मनोगत साँठगाँठ गर्नु यसको ज्वलन्त उदाहरण हो । त्यस्तै सैद्धान्तिक मतभेदबिना पार्टी फुटाउनु, गुट-उपगुट हावी हुनु, मन्त्रालय बढाएर भए पनि आकांकषीहरूलाई व्यवस्थापन गर्नु, तीन महिनाका लागि नै भए पनि नयाँ मन्त्री बन्ने नाङ्गो दौडमा निस्किनु, पार्टीले फिर्ता बोलाउँदा पनि आलटाल गर्नु, नयाँ पद सिर्जना गरेर नै भए पनि व्यक्तिलाई व्यवस्थापन गर्ने काम भइरहेको छ । त्यस्तै, जन्मदर्ता प्रमाणपत्र पाउनेवित्तिकै पद खोज्नु वा भ्रुणबाटै अवसर रोज्नु, केन्द्रदेखि स्थानीय तहसम्म पार्टी कमिटी भद्दा बनाउनु, महाधिवेशन भएको महिनौँपछिसम्म पनि सांगठानिक संरचना पूर्ण नहुनु अनि विभागहरू गठन गर्न नसक्नु पदलोलुप एवं स्वार्थी राजनीतिक संस्कृतिको उपज हो । यस्तो रवैयाले सही राजनीतिक पद्धति स्थापित हुँदैन । सही पद्धतिबिना राजनीतिक आन्दोलनको प्रक्रियालाई चाहेको गन्तव्यमा पुऱ्याउन सकिँदैन ।

आज एकातिर राजनीतिप्रति सबैले प्रश्न उठाइरहेका छन् । यसप्रति वितृष्णा र असन्तुष्टि व्यक्त गरिरहेका छन् । यहाँसम्म कि 'राजनीतिको काम छैन' समेत भन्न थालिएको छ । यद्यपि यसो भन्दै गर्दा उनीहरू नै राजनीतिप्रति एकाएक आकर्षित भइरहेको देखिन्छ । सबैको महत्त्वाकांषी स्वार्थको भारी विसाउने चौतारी बनेको छ राजनीति । पद, पावर, प्रतिष्ठा र पैसा जस्ता बहुपहिचान कमाउने बहुआयमिक अस्त्र बनेको छ राजनीति ।

व्यापारीले व्यापार, ठेकेदारले ठेक्का, प्राध्यापकले प्राध्यापन, विश्लेषकले विश्लेषण, शिक्षकले शिक्षण, डाक्टरले उपचार, वकिलले वकालत, न्यायाधीशले न्याय निसाफ, अभिनेता र अभिनेत्रीले अभिनय, हास्य-व्यंग्यकारले हास्यव्यंग्य, पुजारीले पूजा, पत्रकारले पत्रकारिता, कृषकले खेती, मजदुरले मजदुरी, उद्योगी व्यवसायीले व्यवसाय अनि भरियाले भारी सबै सबैले आआफ्नो एकल विधा वा क्षेत्रमा काम गरिरहेका छन् । यी औसत सामान्य प्रक्रिया नै हुन् ।

तर यता राजनीतिमा भने एकैचोटि पद, पावर, प्रतिष्ठा र पैसा आर्जन हुने हुँदा सबैको अत्यधिक आकर्षण बढेको प्रष्टै अनुमान गर्न सकिन्छ । यसमा एउटै ढुंगाले चारवटा चरा मार्न सकिने अवस्था देखिन्छ अर्थात् अन्य पेसा व्यवसायमा मात्रात्मक स्वार्थ मात्र प्राप्ति हुन्छ भने राजनीतिमा गुणात्मक स्वार्थ प्राप्ति हुन्छ । अन्य विधामा एकल आयामिक स्वार्थ हुन्छ भने राजनीतिमा बहुआयामिक स्वार्थको सम्भावना छ । हाम्रो राजनीतिमा व्याप्त यही गलत चरित्रको कारण सिङ्गो सामाजिक भाष्य वा मनोविज्ञान नै एकल स्वार्थमा नभएर बहुआयामिक स्वार्थमा बढी झुम्मिएको छ । राजनीतिको बहुआयामिक स्वार्थगत रवैयामा लोभिएको देखिन्छ । तर यस्तो लोभ्याइ विकृत राजनीतिलाई रूपान्तरण गर्ने मनसायमा देखिँदैन । यो केवल गुणात्मक स्वार्थ प्राप्तिमा लालायित देखिन्छ । यो नै हाम्रो अर्थराजनीतिक विडम्बना र अभिशाप हो, जसले हामीलाई पुस्तौँसम्म पिरोल्ने खतरा छ ।

तब सम्पूर्ण गैरराजनीतिक क्षेत्रमा क्रियाशील जनशक्तिहरू यो वा त्यो नाम र बहानामा नितान्त नयाँ राजनीतिक जीवनमा प्रवेश गर्दैछन् । वास्तवमा राजनीति सेवा थियो, त्याग थियो, तपस्या थियो, बलिदान थियो, परिवर्तन र न्यायको आन्दोलन थियो, महान् उद्देश्य पूरा गर्ने कष्टसाध्य प्रक्रिया थियो । अनि उन्नत साध्य प्राप्तिको अस्त्र थियो भने सबैमा यस्तो निरपेक्ष बनिबनाउ चाहना, आकांकषा र महत्त्वाकांषाजन्य भावनाका खहरे भेलहरू उर्लंदैनथे । स्वप्नलोकमा यति सजिलै गगनचुम्बी महल बन्दैनथे । सायद आफूलाई यति विघ्न योग्य पनि ठानिदैनथ्यो ।

त्यस्तै,स्वतन्त्र व्यक्ति अनि पार्टीहरू रातारात खुल्दैनथे । सिद्धान्त,विचार र बलियो संगठन भएका पार्टीहरूलाई चुनौती दिँदैनथे । पार्टीहरू केही होइन भनेर नजरअन्दाज गर्दै भटाभट उम्मेदवारी घोषणा गर्दैनथे । लामो ऐतिहासिक संघर्षको प्रक्रियाबाट स्थापित पार्टी र नेताहरूलाई कमजोर आँक्ने कमजोर वातावरण आउँदैनथे । तर राजनीति पद, पावर, प्रतिष्ठा र पैसाका लागि गुणात्मक स्वार्थ आर्जनको साधन मात्र बनाइयो । त्यसपछि मात्रात्मक उपार्जनमा लागेका व्यक्ति व्यक्तित्वहरूमा एकाएक गुणात्मक लालची बढेको तथ्य दिन जस्तै छर्लङ्ग छ ।

त्यसैले राजनीतिलाई रूपान्तरण गर्ने हो भने यसलाई पद, पावर, प्रतिष्ठा र पैसाको सेरोफेरोमा राख्नु हुँदैन । राजनीति स्वार्थ प्राप्तिको त्रिपाशा खेल बनाउनु हुँदैन । यो नितान्त उन्नत समाज व्यवस्था प्राप्तिको सैद्धान्तिक आन्दोलन, सेवा, त्याग, बलिदान र प्रतिबद्धताद्वारा निर्देशित हुनुपर्छ । न्याय, समानता र समृद्धिको चालक शक्ति बन्नुपर्छ । तब मात्रै राजनीति आदर-सम्मानको विषय हुनेछ । साथै सकारात्मक मनोविज्ञान बन्नेछ अनि साथ सहयोग बढ्नेछ ।

सम्मानित राजनीतिमा मात्र राजनीतिक मूल्य र औचित्य स्थापित हुनेछ । होइन भने राष्ट्रिय राजनीति स्वतन्त्र, युवा, जुझारु अनि निष्ठावानको पुरानै ढर्रावादी विशेषण र उपमाहरूको पुरानै चक्रव्यूहमा फस्नेछ, जुन नेपाली राष्ट्रिय राजनीतिको वस्तुवादी विकल्प होइन । यसमा हामी सबैले सचेत चिन्तन-मनन गर्न जरुरी छ ।

# नेपाल देखेर कार्ल मार्क्स किन रुन्छन् ?



✍ डा. सुरेन्द्रराज देवकोटा

एसिया महाद्वीपमा नेपाल मात्र त्यस्तो देश हो, जहाँ कम्युनिस्ट राजनीतिक खेती जति फलिफाप अरू धन्दा भएन, तैपनि त्यो देखेर यदि कार्ल मार्क्स २०५ वर्षसम्म बाँचेको भए अवश्य पनि धुरुधुरु रुने थिए होलान् । चीन र उत्तर कोरिया पनि कम्युनिस्ट मुलुक हुन् । त्यहाँ जस्तो जन्मने बित्तिकै कम्युनिस्ट पार्टीको सदस्यता लिनुपर्ने बाध्यता नेपालमा अझै छैन । अब त्यो दिन पनि धेरै टाढा देखिँदैन, किनभने अहिलेको नेपालमा कम्युनिस्ट र कांग्रेसमा खासै भिन्नता देखिँदैन र कांग्रेसले आफ्नो छाला फेरिसकेको छ ।

***मार्क्स नरोएर के गर्ने ?***

सबैभन्दा पहिलो २०५२ सालदेखि सुरु गरिएको आतंककारी विध्वंश र हजारौं नेपालीको तन, मन, धन एवं राज्यको भौतिक एवं आर्थिक क्षत्विक्षत्को अलावा मुलुकले गुमाएका वर्ष र आर्थिक अवसरलाई एकछिन मार्क्सकै 'वर्गीय द्वन्द्व'को खातामा थन्क्याइदिऊँ । तदनोपरान्तका ऐतिहासिक घटना, राजा वीरेन्द्रको वंशनाश, सक्रिय नयाँ राजतन्त्र, ०६२/६३ को आन्दोलन एवं दिल्ली सम्झौतापश्चात् आजपर्यन्त नेपालमा कम्युनिस्ट 'शासक'का रूपमा स्थापित छन् । भलै कुनै बेला एकथरी र अर्कोबेला अर्काथरी कामरेडले सत्ताको चाबी समातेको यथार्थ देखेभोगेका छौं ।

खासगरी विगत १४ वर्षमध्ये (१८ महिनाबाहेक) नेपालको अर्थतन्त्र चलाउने कम्युनिस्टहरू नै थिए । यद्यपि तिनीहरूमध्ये कोही पनि आर्थिक विज्ञ भएर अर्थमन्त्री भएका थिएनन् । सम्भवत: मार्क्सवादबारे अन्टसन्ट बोलेर दुनियाँलाई छल्ने खेलमा पारंगत नै थिए होलान् । जे होस्, जब एउटा देशमा एक दशकभन्दा बढी समयसम्म कम्युनिस्टहरू स्वयं देश विकास गर्ने बजेट र अर्थनीति बनाउँदै थिए भने नेपालले त उहिल्यै छलाङ मार्नुपर्ने थियो । छलाङ त माऱ्यो तर जनताको जीवनस्तर होइन कि नेता र तिनका सन्तानको खाता, जग्गा र धनदौलतको मौजा हेरौं, अहिलेको अर्थतन्त्रको एउटा सानो ऐना कस्तो छ ? देशको मुख्य आम्दीको स्रोत भनेको भन्सार, कर र विप्रेषण हो । तीमध्ये विगत नौ महिनाको औसत विप्रेषण करिब ६३ अर्ब प्रतिमहिना थियो । मुलुकमा प्रमुख उत्पादन हुने भनेको 'जनसंख्या' मात्रै हो भन्दा फरक पर्दैन । किनकि अहिलेको नेपालमा हरेक महिना कम्तीमा सातको अन्नबाली (चामल, धान, मकै, गहुँ, फापर) र कम्तीमा तीन अर्बको दाल, तरकारी र फलफूल आयात नगरे मुखमा माड लाग्दैन । त्यसपछि प्रतिमहिना कम्तीमा २५ अर्बको इन्धनजन्य पदार्थ आयात गर्नैपऱ्यो । त्यसको अलावा आम जनतालाई चाहिने सियो, धागो, लत्ताकपडा, सवारी साधन र तिनका पुर्जादेखि औषधि अनि अत्तरसम्म संसारमा पाइने सबै चिज/पदार्थ ल्याउनैपऱ्यो किनभने नेपालमा अब 'नयाँ बुर्जुवा वर्ग'को विकास भएकै छ । मार्क्सले खालि पुराना सामन्तीका बारेमा लेखे तर नेपालमा 'नयाँ बुर्जुवा वर्ग' स्थापित भएपछि सायद अहिले अन्योलमा होलान् । जेहोस् शासन सत्ताले नछोएका आम जनतामध्येबाट हरेक महिना कम्तीमा एक लाख व्यक्ति भारतलगायतका एसियाका अन्य मुलुकमा रोजगारीका निम्ति नबिदेसिने हो भने न विप्रेषण नै आउँछ न त स्वदेशमा अमनचैन कायम नै हुनेछ । अब मार्क्स नरोएर के गर्नु ? विगतका १४ बजेटमध्ये १३ बटा बजेट तिनकै किताब पढेकाले बनाएका थिए । त्यसैले आज देशमा 'राजनीतिक खेती'को उद्यमशीलता बढेको छ । त्यसको प्रमाण महालेखा परीक्षकका वार्षिक प्रतिवेदन स्वयं बोल्दछन् । सबैभन्दा पछिल्लो प्रतिवेदनअनुसार देशमा ६ खर्ब ७६ अर्ब ४१ करोडको बेरुजु अर्थात् आर्थिक अराजकता छ । खर्बमा बेरुजु हुन्छ, तर उठ्छ अर्बमा ।

मार्क्सले उत्पादन बढाउन सुझाएका थिए त्यसैले नेपालमा कामरेडहरूले 'असारे विकास'लाई विशेष महत्व दिन्छन् । गत वर्ष प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारले बनाएको बजेटमा भर्खरै 'आवश्यक कारबाही'मा परेका कामरेड अर्थमन्त्रीले प्रस्तुत गरेका आँकडाअनुसार देशमा विकास निर्माणार्थ छुट्याइएको ३.८ खर्ब (जुन सम्पूर्ण बजेटको एक चौथाइ मात्रै थियो) मध्ये जेठ मसान्तसम्म १.४ खर्ब (३७ प्रतिशत) मात्रै खर्च भयो । असार १५ सम्म त्यसको ४० प्रतिशत पुऱ्याइयो र सम्भवत: असार मसान्तसम्म कति मैजारो हुन्छ, थाहा भइहाल्ने छ ।

देशको बजेटलाई नै कामरेडहरूले 'अतिरिक्त पुँजी' (मूल्य ?) मा रूपान्तरण गर्न सकेसम्मका बल लगाउँछन् । अन्ततोगत्वा मुलुकभरि छरिएका राजनीतिक मजदुर त्यही अतिरिक्त पुँजीलाई दामासाहीमा बाँड्छन् । जसले गर्दा संघीयतारुपी राजनीतिक फाँटमा एउटा वडाध्यक्ष बन्न कम्तीमा एक करोडबाट लिलामी बढाबढ सुरु हुने गर्छ । हिजो के भनियो भने असारको अन्त्यतिर दिइने बजेट भाषणले देश निर्माणार्थ यथेष्ट समय पुगेन । अनि मार्क्सवादी संविधानमार्फत जेठ १५ मा नै बजेट वाचन गर्ने नयाँ प्रथा थालियो । आज के देखिएको छ आर्थिक वर्षको नौ महिनासम्म सकेसम्म कम खर्च गर्ने र बाँकी ती महिना अझ असारमा अधिकतम खर्च गर्ने नयाँ परिपाटी स्थापित भइराखेको छ । अब असारमा दुई तिहाइ बजेट खर्च गर्ने सरकारी संस्था कस्तो होला ? जब कि त्यही संस्थाले १०/११ महिनामा एक तिहाइ मात्रै खर्चियो ? नेपालमा विगत १५/१६ वर्षदेखि चलिआएको चलन असार विकास र त्यसको नतिजा हो, नयाँ बुर्जुवा वर्ग । बिचरा कार्लमार्क्स नरोएर के गरुन् ? यत्रतत्र सर्वत्र कम्युनिस्टले शासन गरेकै छन् तर पनि आम नागरिकको स्थिति दिन परदिन खस्कँदै गएको छ ।

त्यहाँ जस्तो जन्मने बित्तिकै कम्युनिस्ट पार्टीको सदस्यता लिनुपर्ने बाध्यता नेपालमा अझै छैन । अब त्यो दिन पनि धेरै टाढा देखिँदैन, किनभने अहिलेको नेपालमा कम्युनिस्ट र कांग्रेसमा खासै भिन्नता देखिँदैन र कांग्रेसले आफ्नो छाला फेरिसकेको छ । त्यो राजनीतिक खेतीको अर्को पाटो झुटको खेती हो । त्यस्तो झुटको खेतीमा कामरेडहरू मात्रै नभई सरकारी मार्क्सवादी पनि संलग्न हुन पुग्छन् । एकातिर देशको बजेट नै प्रायोजित छ भने अर्कातिर त्यही बजेटको एक चौथाइमध्येको पनि महिनामा १/२ प्रतिशत वास्तविक खर्च अर्थात् लगानी गरेर मुलुकमा ८ देखि १० प्रतिशतले आर्थिक छलाङ मार्ने विषय गफ मात्र नभएर शतप्रतिशत झुटको खेती हो । त्यही झुटको खेती देखेर मार्क्स थप हाँस्दै पनि होलान् ? आयआर्जन गर्न व्यस्त छन् ।

नेपाली कांग्रेसका समाजवादी नेता बीपी कोइरालाले मार्क्सवादलाई आफ्नै ढंगबाट उतार्दै बनाएको सूत्र (समाजवाद प्लस प्रजातन्त्र एक्वेल टु समाजवाद) आजका दिनमा औचित्वविहीन बनाइसकेका छन् । कांग्रेसको प्रजातान्त्रिक समाजवाद नेपालको संविधानमा उल्लिखित 'समाजवादउन्मुख'मा घुलमिल भइसकेपछि आजका कांग्रेसीलाई कमिलालाई के जतिको न्यानो बराबर छ । बाँकी रह्यो 'प्रजातन्त्र' भन्ने शब्द अहिलेको कांग्रेसी नेतृत्वसँग त्रस्त भइसकेको प्रमाणित यसरी हुँदै छ, किनकि त्यहाँ चुनाव चित्ने र हार्नेका बीच, हार्नेहरू नै झन् बलियो बनाइन्छ ।

*-बाँकी ३ पेजमा...*

# महालेखाले औंल्यायो खानेपानी डिभिजनको बदमासी




साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ महालेखा परिक्षकको कार्यालयद्वारा हेटौंडास्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले कानुन विपरित टुक्रे योजना उपभोक्ता समितिमार्फत गरेको भन्दै बदमासी भएको औंल्याएको छ ।

गत आर्थिक वर्ष २०७७/०७८ मा कार्यालयले सार्वजनिक खरिद नियमावली अनुसार टेण्डर आह्वान गरेर गर्नुपर्ने योजनालाई टुक्रा पारेर उपभोक्ता समितिमार्फत गरेको ठहर गरेको छ । कानुनत: ४ करोडको काम टेण्डर प्रक्रियामा जानुपर्ने भएपछि कार्यालयले उपभोक्ता समितिमार्फत टुक्रा योजनाको काम गरेको प्रतिवेदनमा उल्लेख गरेको छ । मकवानपुरको विकट राक्सिराङ खानेपानी आयोजनालाई ७ स्कीममा बिभाजन गरेर ३ करोड ८७ लाख ५० हजार रुपैयाँको काम उपभोक्ता समिति मार्फत गराइएको महालेखा परिक्षकको कार्यालयले बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । कार्यालयले उक्त काम टेण्डरमार्फत गर्नुपर्ने खरिद नियमावलीमा व्यवस्था छ ।

सरकारी नियम विपरित उपभोक्ता समितिमार्फत काम गरेर रकम भुक्तानी गर्नु नियम संगत नभएको महालेखा परिक्षकको कार्यालयले ठहर गरेको छ । खानेपानी नीति २०७१ को दफा ९ दशमब १३ मा आधारभतू सेवास्तरको नीति तथा सरसफाइ आयोजना निर्माण गर्दा खर्चको दश देखि २० प्रतिशत उपभोक्ता सममितिबाट गर्नुपर्ने उल्लेख छ । २० प्रतिशत उपभोक्ता समितिले बेहोर्ने भनेर लागत अनुमान स्वीकृत गरिएपनि त्यस अनुसार काम नभएकोमा महालेखाले प्रश्न उठाएको छ ।

कार्यालयले एक करोड २२ लाख २६ हजार रुपैयाँमा आपखोला खानेपानी उपभोक्ता समितिमार्फत दुइ वटा रनिङ बिलबाट ओभर हेड घटाएर ९६ लाख ६५ हजार भुक्तानी गरेको छ । खानेपानी डिभिजन कार्यालय हेटौंडाले १३ वटा योजनाको ५ करोड ३५ लाख ४९ हजार रुपैयाँ लागत सहभागिता बिना नै रकम भुक्तानी गरेकोमा महालेखाले प्रश्न उठाएको हो ।

त्यस्तै, सहरी विकास तथा भवन कार्यालय मकवानपुरले एक उपभोक्ता समितिमार्फत बाटो ढलान गर्ने कामको दुइ वटा प्याकेज बनाएर १ करोड ३० लाख ३३ हजार रुपैयाँको कामको ९१ हजार १३ हजार रुपैयाँ नियम संगत नदेखिएको महालेखा परिक्षकको कार्यालयले औंल्याएको छ ।

## अनेरास्ववियु एमएमसी अध्यक्षमा रेग्मी

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुर बहुमुखी क्याम्पस (एमएमसी) कमिटी अध्यक्षमा प्रसिद्ध रेग्मी चयन भएका छन् । क्याम्पस कमिटीको बिहीवार भएको सम्मेलनले रेग्मीको अध्यक्षतामा ४५ सदस्यीय नयाँ कार्यसमिति बनाएको हो ।

एमालेको भातृ संगठन अनेरास्ववियुको उपाध्यक्षमा रामचन्द्र ब्लोन, सचिवमा कैलाश लम्साल, सहसचिवमा सुजल विश्वकर्मा, सहसचिवमा दिपिका तिमल्सिना, सहसचिवमा दिपेश अर्याल, कोषाध्यक्षमा साकार ढुंगेल चयन भएको अनेरास्ववियु जिल्ला कमिटी मकवानपुर सचिव पुष्कर तिमल्सिनाले जानकारी दिए । अनेरास्ववियु केन्द्रीय कमिटीका महासचिव समिक बडालको प्रमुख आतिथ्यतामा सम्मेलन भएको हो ।

सम्मेलनमा नेकपा एमाले नेतृ जुनेली श्रेष्ठ, मकवानपुरका सचिव नवीन सिग्देल, एमाले जिल्लाका उपसचिव हिदम लामा, अनेरास्ववियु मकवानपुरका अध्यक्ष विशाल पौडेल, अनेरास्ववियु मकवानपुरका पूर्वअध्यक्षहरु सन्तोष पौडेल, शिवहरि दहाललगायतको आतिथ्यता थियो ।




**विद्यार्थीको रचनात्मक काम:** थाहा नगरपालिकाको जनकल्याण माध्यमिक विद्यालयमा बिहीवारदेखि सुरु भएको 'प्रथम जनकल्याण शैक्षिक मेला-२०७९'को अबसरमा खाजाको परिकार बनाउँदै विद्यार्थी । शैक्षिक मेलामा विद्यार्थीहरुले बनाएका खाजाका परिकार, कृषि तथा शैक्षिक सामग्री प्रदर्शनीका लागि राखिएको छ । मेलामा पालुङ बोर्डिङ, पालुङ मोर्डन, हिमालयन स्कुल, झम्केश्वरी मावि, सुनौला मावि, इअन बोर्डिङ स्कुलले आफ्नो विज्ञान प्रदर्शनी गरेको थियो । आज शुक्रबारसम्म हुने शैक्षिक मेलामा एसईई दिएर बसेका विद्यार्थीहरुलाई शैक्षिक परामर्श, कक्षा ११ मा भर्ना हुने विद्यार्थीलाई विशेष छुटको व्यवस्था, विज्ञान, बालीविज्ञान, व्यवस्थापन, शिक्षा, मानविकी र कृषि तहको डिप्लोमाको छुट्टाछुट्टै संकायको शैक्षिक परामर्श तथा विज्ञान प्रदर्शन र प्रतियोगिता हुने जनाइएको छ । बिहीवार मेलाको बागमती प्रदेशकी सामाजिक विकास मन्त्री मिनाकुमारी लामाले उद्घाटन गरेकी थिइन् ।

## राजस्व नबुझाउने १३ व्यावसायिक फर्मको बैंक खाता रोक्का

हेटौंडा, ३० असार/ हेटौंडास्थित आन्तरिक राजस्व कार्यालयले लामो समयदेखि तोकिएको राजस्व दाखिला नगर्ने मकवानपुर जिल्लाका १३ व्यवसायिक फर्मको बैंक खाता रोक्का गरी कारबाही गरिएको जनाएको छ ।

लिखित तथा मौखिकरुपमा पटक-पटक राजस्व दाखिला गर्नका लागि ताकेता गर्दासमेत अटेर गरेपछि सम्बन्धित करदाता र व्यावसायिक फर्मको बैंक खाता रोक्का गरी कानुनी कारबाही अगाडि बढाइएको कार्यालय प्रमुख मोहलाल जिसीले जानकरी दिए ।

यसरी बैंक खाता रोक्का गरिएकामध्ये आयकर वक्यौतातर्फ सातवटा व्यावसायिक फर्म र मूल्य अभिवृद्धिकर वक्यौता तर्फका छ वटा व्यावसायिक फर्म रहेको उनले बताए ।

कारबाहीमा परेका र राजस्व नबुझाएकासम्मले बैकिङ कारोबार गर्न नपाउने उक्त कार्यालयले जनाएको छ । यसैगरी चालु आर्थिक वर्ष २०७८/७९मा तोकिएको लक्ष्यभन्दा अत्यधिक राजस्व संकलन भएको कार्यालयले जनाएको छ ।

प्रमुख जिसीका अनुसार कार्यालयको विभिन्न शीर्षकमा रु पाँच अर्ब ७० करोड आठ लाख ५२ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकामा छ अर्ब चार करोड ७८ लाख राजस्व संकलन भएको छ । अर्थात् तोकिएको भन्दा एकसय छ प्रतिशत अत्यधिक राजस्व संकलन सो कार्यालयले गरेको छ ।

कार्यालयबाट प्राप्त विवरणअनुसार चालु आर्थिक वर्षको साउन महिनादेखि असार ३० गते सम्ममा आय करतर्फ एक अर्ब ११ करोड ४२ लाख ७३ हजार, घर बहाल करतर्फ दुई करोड ७६ लाख ७२ हजार, ब्याजकरतर्फ पाँच करोड छ लाख ४२ हजार, मूल्यअभिवृद्धि करतर्फ ९९ करोड ३६ लाख ९७ हजार, अन्तशुल्क करतर्फ तीन अर्ब २४ करोड ७१ लाख ८८ हजार र स्वास्थ्य करतर्फ ६१ करोड ४३ लाख १० हजार राजस्व संकलन भएको जनाइएको छ ।

सो अवधिमा कार्यालयको आयखकरतर्फ एक अर्ब १२ करोड ९४ लाख ११ हजार, घरबहाल करतर्फ तीन करोड ५३ लाख ७८ हजार, ब्याज करतर्फ छ करोड ४० लाख, मूल्यअभिवृद्धि करतर्फ एक अर्ब ३३ करोड ४२ लाख, अन्तशुल्क करतर्फ दुई अर्ब ९८ करोड ८६ लाख ३६ हजार र स्वास्थ्य करतर्फ १४ करोड ९२ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेको बताइएको थियो । - रासस

## भैरब आविमा आत्रवृत्ति वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ मा अवस्थित भैरब आधारभूत विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको लागि विहीबार छात्रवृत्ति वितरण गरिएको छ ।

विद्यालयमा अध्ययनरत् छात्रा तथा दलित विद्यार्थीहरुको लागि छात्रवृत्ति रकम वितरण गरिएको हो । अधिकांश दलित, जनजाति र छात्राहरु अध्ययनरत् विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा अध्ययन गर्ने बानी बसाल्न र विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या अभिबृद्धि गर्न कार्यक्रम सफल भएको विव्यस अध्यक्ष श्याम सुनारले जानकारी दिए ।

विव्यस अध्यक्ष सुनारको सभाध्यक्षता तथा वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका कार्यपालिका सदस्य ईश्वरी विक, समाजसेवी विनोद सापकोटालगायतले विद्यालयको स्तारोन्नतिको लागि सबै क्षेत्रबाट सहयोगको आग्रह गरे ।

## प्रदेश सरकारको ६ वटा बहुवर्षीय योजना निर्माण सम्पन्न




हेटौंडा, ३० असार/ बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले बहुवर्षीय योजना अन्तर्गत ठेक्का खुलाएर निर्माण सम्पन्न गरेको ६ आयोजनाको निर्माण सम्पन्न भएको जनाएको छ ।

६५ करोड ४७ लाख ६७ हजार २३५ को लागतमा प्रदेशको १ वटा पक्की पुल, ४ वटा झोलुङ्गे पुल र १५.५ किलोमिटर सडकखण्डको निर्माण सम्पन्न भएको हो ।

हेटौंडाको राप्ती नदीमा हेटौंडा ११ र १२ नम्बर वडा जोड्ने पुल समयभन्दा तीन महिना अगाडि नै निर्माण सम्पन्न भएर सञ्चालनमा आएको छ ।

उक्त पुल २७ करोड ४६ लाख २० अजार २३३ रुपैयाँको लागतमा सम्पन्न भएको निर्देशनालयले जनाएको छ । यसैगरी मकवानपुरकै भीमफेदी कुलेखानी १५.५ किलोमिटर सडक खण्ड पनि निर्माण सम्पन्न भएर सञ्चालनमा आएको छ । उक्त सडक खण्डको लागत रकम ३५ करोड ३० लाख ६१ हजार ७८७ रहेको निर्देशनालयका प्रवक्ता हरिप्रसाद ओझाले जानकारी दिए । यसैगरी निर्देशनालयले ४ वटा झोलुङ्गे पुलको पनि निर्माण सम्पन्न गरेको छ ।

नुवाकोटको बेसीकठेरीमा तादी पाँच र पञ्चकन्या दुई जोड्ने झोलुङगे पुलको लागत एक करोड ५० लाख ७७ हजार ५८२ रहेको प्रवक्ता ओझाले जनाए । यस्तै नुवाकोटकै टुप्तेश्वर ३ र ४ जोड्ने बिमिरे माझगाऊँ झोलुङगे पुल ६४ लाख ८३ हजार १९० मा निर्माण सम्पन्न भएर सञ्चालनमा आएको उनले बताए ।

मकवानपुरको भीमफेदी ८ ईपा खोलामा ७६ लाख ३५ हजार ३११ को लागतमा झोलुङगे पुल निर्माण सम्पन्न भएको उहाँको भनाइ छ । सिन्धुपाल्चोकको जुगल गाउँपालिका-३ मा ५५ लाख २४ हजार ४४३ को लागतमा झोलुङगे पुल निर्माण सम्पन्न भएर प्रयोगमा आएको प्रवक्ता ओझाले जानकारी दिए । - *(रासस)*

# बागमती सरकारद्वारा पदक र सम्मान प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ बागमती प्रदेश सरकारले शिक्षा, सामाजिक, खेलकुद, स्वास्थ्य, पत्रकारितालगायतका क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरुलाई पदन तथा सम्मान प्रदान गरेको छ ।

प्रदेश सरकारले बिहीवार हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमबीच प्रदेशस्तरमा विशिष्ठ योगदान पुऱ्याउने विभिन्न व्यक्ति तथा संस्थाहरुलाई पदन तथा सम्मान वितरण गरेको हो ।



सरकारले शान्ति सुरक्षाको क्षेत्रदेखि विपद् व्यवस्थापनमा भूमिका खेलेको भन्दै व्यक्तिदेखि स्थानीय सरकारसम्मलाई पदक दिएको हो । प्रदेशभित्र कार्यरत् निजामति कर्मचारीहरुलाई पनि सम्मान गरिएको छ । यसअघि गणतन्त्र दिवसकै दिन दिने भनिएको पदक तथा सम्मान बिहीवार एक समारोह आयोजना गरी दिइएको हो ।

सरकारले विभिन्न २२ वटा विधामा पदक दिएको छ । प्रदेश प्रमुख यादवचन्द्र शर्माले पदक वितरण गरे । प्रदेश सरकारले सुरक्षातर्फ 'शान्तिमाला' पदकमार्फत नेपाल प्रहरीका तीन जना, 'प्रदेश रक्षक' पदकमार्फत सशस्त्र प्रहरी बलका एक जना, 'शान्ति दीप' पदकमार्फत नेपाली सेनाका एक जना, शिक्षातर्फ 'प्रदेश दीप' पदकमार्फत चार जना, स्वास्थ्यतर्फ 'मृत्युञ्जय' पदकमार्फत दुई जना, खेलकुदतर्फ 'प्रदेश शान' पदकमार्फत दुई जनालाई पदक दिइएको हो ।

कृषितर्फ 'कृषि किरण' पदकमार्फत दुईवटा कृषि फर्म, सहकारीतर्फ 'सहकारी प्रवर्द्धन' पदकमार्फत दुईवटा सहकारीलाई पदक दिएको छ । प्रदेश सरकारले उद्योगतर्फ 'उद्यमशीलता' पदकमार्फत तीन जना, पर्यटनतर्फ 'प्रदेश 'स्रष्टा' पदकमार्फत एक जना, वातावरणतर्फ 'वातावरण संरक्षण' पदकमार्फत एक जना, पूर्वाधार विकासतर्फ 'विकास सेवी' पदकमार्फत एक जना, सूचना तथा सञ्चारतर्फ 'प्रदेश दूत' पदकमार्फत तीन जनालाई, विज्ञानतर्फ 'अन्वेषण' पदकमार्फत एक जना, प्रविधितर्फ 'नव प्रवर्तन' पदकमार्फत दुई जनालाई पदक दिइएको हो । भाषातर्फ 'सुभाषिक' पदक मार्फत एक जना, कलातर्फ 'कलाकिर्ति' पदकमार्फत तीन जना, संस्कृतितर्फ 'संस्कृति दीप' पदकमार्फत एक जना, साहित्यतर्फ 'प्रदेश स्रष्टा' पदकमार्फत एक जना, सार्वजनिक प्रशासन तथा सुशासनतर्फ 'जनसेवा' पदकमार्फत एक जना, विपद् व्यवस्थापनतर्फ 'विपद सेवी' पदकमार्फत दुई नगरपालिका र समाज सेवा तथा लोककल्याणतर्फ 'प्रदेश परोपकार' पदकमार्फत ६ जनालाई पदक प्रदान गरेको छ ।

मकवानपुरका सामाजिक क्षेत्रदेखि खेलकुदसम्मका व्यक्तिले पदक पाएका छन् । मकवानपुरका पुरानो कम्युनिष्ट राजनीतिज्ञ तथा शैक्षिक आन्दोलनको नेतृत्व बद्री खतिवडा, वरिष्ठ पत्रकार प्रताप विष्ट, पत्रकार महासंघ बागमती प्रदेश महासचिव कृष्ण सारु मगर, प्रहरी निरीक्षक रोशन थापा, समाजसेवी इन्दिरा न्यौपाने, फुटबलर समिरराज थोकरसहित पशुपालनमा लागेकाहरुलाई पदक दिइएको थियो ।

पदक पाउनेहरुमा मकवानपुरका धेरै छन् । कार्यक्रममा बागमती प्रदेश प्रमुख शर्मा, सभामुख सानुकुमार श्रेष्ठ, मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले पदक तथा सम्मान प्रदान गरेका थिए ।

## २६० जनामा संक्रमण पुष्टि



काठमाडौं, ३० असार (रासस)/ देशभर बिहीबार २६० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । थपिएकासहित सक्रिय संक्रमितको संख्या एक हजार १७१ पुगेको छ ।

सो अवधिमा ४८ जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ८५८ पुगेको छ । मन्त्रालयका अनुसार यो दर ९८.७ प्रतिशत हो । काठमाडौं जिल्लामा ५०० भन्दा बढी संक्रमित रहेको पाइएको छ । शून्य संक्रमित भएका जिल्ला १२ रहेका छन् । अहिलेसम्म होम आइसोलेसनमा एक हजार १४८, संस्थागत आइसोलेसनमा २३ भेन्टिलेटरमा एक जना र सघन उपचार कक्ष (आइसियु)मा १४ जनाको उपचार भइरहेको छ । यस्तै विगत २४ घण्टामा ७२ हजार ३२० जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

## बागमती प्रदेशको विपद्सेवी पुरस्कार मेलम्ची नगरपालिकालाई



सिन्धुपाल्चोक, ३० असार (रासस)/ बागमती प्रदेशको विपद्सेवी पुरस्कार मेलम्ची नगरपालिकाले पाएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै बागमती प्रदेश सरकारले मेलम्ची नगरपालिकालाई सम्मान गरेको हो ।

प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङलाई प्रमाणपत्र हस्तान्तरण गरे । आन्तरिक मामिला तथा कानून मन्त्रालय एवं सम्मान र पदक सिफारिस समितिले पदक तथा सम्मानका लागि सिफारिस गरेको थियो । समितिका अध्यक्ष कृष्णप्रसाद शर्मा खनालले २०७९ जेठ १५ गते सम्मान घोषणा भएको जानकारी दिए । विसं २०७८ असार १ गते र त्यसपछि आएको बाढी र अन्य विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रदेश सरकारले सम्मान गरेको हो । सम्मानपत्र ग्रहणपश्चात् मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले मेलम्चीमा विपद् प्रभावितको पुन:स्थापना तथा स्थायी आवास निर्माणका लागि प्रदेश सरकार संघ सरकारको सहयोगको अपेक्षा राखे ।

उनले स्थानीय तह मेलम्ची एक्लैले केही गर्न नसक्ने भन्दै बाढी प्रभावितको पुनरुत्थानका लागि प्रदेश सरकारले चासोका साथ हेर्नुपर्नेमा जोड दिए । उद्धार तथा राहतको काममा स्थानीय सरकारले भ्याएसम्मको काम गरेको उल्लेख गर्दै तामाङले आगामी दिनमा पनि हातेमालो गर्दै तीनै तहसँगको सहकार्य आवश्यक रहेको बताए ।

## युवा विद्यार्थीलाई लक्षित प्रशिक्षण

काठमाडौं, ३० असार (रासस)/ नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले युवा विद्यार्थीले समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न सामाजिक न्याय र समानताका पक्षमा दृढताका साथ क्रियाशील हुनुपर्ने बताएको छ ।

पार्टी स्कुल विभागले सामाजिक रूपान्तरणमा मार्क्सवादी दृष्टिकोणको आवश्यकताबारे आयोजना गरेको प्रशिक्षणमा उनले समाजमा देखिने वर्ग संघर्षका कारण उत्पन्न हुने द्वन्द्व न्यूनीकरण गर्ने वैज्ञानिक चिन्तन र मार्ग मार्क्सवादमा रहेको बताए ।

पार्टी स्कुल विभाग प्रमुख तथा पार्टीका उपाध्यक्ष प्रमेश हमालले पार्टी स्कुलको महत्वबारे जानकारी गराउँदै ज्ञान निर्माणको अभियानले 'कसरी संकटको सामना र समाधान गर्न सक्छ' भन्नेबारे बताए ।

एक हप्ता सञ्चालन हुने प्रशिक्षणमा स्कुल विभागका सचिव तथा केन्द्रीय कमिटी सदस्य अशेष घिमिरेले युवा विद्यार्थीले राजनीतिलाई सामाजिक सेवाको भावनाका रूपमा लिनुपर्ने विषयमा बताए ।

प्रशिक्षण कक्षामा युवा संघ र अनेरास्ववियु सम्बद्ध ६० जना नेता कार्यकर्ताको सहभागिता छ । पार्टी स्कुलले सबै जनसंगठन र उपत्यकामा क्रियाशील कमिटीका लागि अब क्रमश: विभिन्न विषयमा प्रशिक्षण चलाउने कार्ययोजना छ ।






गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना